प्रमुख प्रशासकीय अधिकृत

# बगनासकाली गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

चिर्तुङ्गधारा, पाल्पा

## नदीजन्य पदार्थको विक्रीका लागि बोलपत्र फारम

२०८३

ठेक्का नं.: BRM/REVENUE/NCB/02/083-084

घाटको विवरणः मजुवा बगर वडा नं ७

प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) अनुसारको घाटको विवरणः कालिगण्डकी नदि घाट

प्रमुख प्रशासकीय अधिकृत

**बगनासकाली गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

चिर्तुङ्गधारा, पाल्पा, लुम्बिनी प्रदेश, नेपाल ।

पहिलो पटक प्रकाशित मितिः २०८३/०६/०८

नदीजन्य पदार्थ उत्खनन् संकलन तथा विक्री गर्ने कार्यको **HARDCOPY** ठेक्का बन्दोबस्ती सम्बन्धी ७/२१ दिने

**ठेक्का नं. :- BRM/REVENUE/NCB/02/083-084**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ 'क' को उपदफा (१) तथा सोहि ऐनको दफा ११ को उपदफा २ को खण्ड घ को (६) बमोजिम बगनासकाली गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले चुरे तथा वन क्षेत्र बाहेक नदीजन्य पदार्थ (ढुंगा, गिट्टी/मिक्सगिट्टी, बालुवा र भरौट) उत्खनन् संकलन तथा विक्री मुल्य असुली गर्न तपशिल बमोजिमको खोला/नदीहरुबाट तोकिएको परिमाणमा ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईजाजत प्राप्त फर्म वा कम्पनीको दर्ता प्रमाणपत्रको प्रतिलिपि (नविकरण सहित), मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र तथा आ.व.२०८१/०८२ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेश गरी ईजाजत प्राप्त ईच्छुक फर्म वा कम्पनीहरुले तोकिएको अवधि भित्र तपशिल बमोजिम शर्तको अधिनमा रहि **HARDCOPY** बोलपत्र आह्वान गरिएको छ।

**तपसिल**

| क्र.सं. | ठेक्का नं. | उत्खनन क्षेत्र | उत्खनन्/विक्री योग्य परिमाण (घन.फुट.) | न्यूनतम ठेक्का अंक रु (मु.अ.कर बाहेक) | बोलपत्र दस्तुर | बोलपत्र फारम खरिद गर्ने अन्तिम मिति(कार्यालय समय भित्र) | बोलपत्र पेश गर्ने अन्तिम मिति (दिउसो १२:०० बजे भित्र) |
|---|---|---|---|---|---|---|---|
| १ | BRM/REVENUE/NCB/01/083-084 | कोलबगर र दोमेई बगर वडा नं ७ | ४८८४४८ | ३९०७५८४ | ३००० | २०८३/०६/२८ | २०८३/०६/२९ |
| २ | BRM/REVENUE/NCB/02/083-084 | मजुवा बगर वडा नं ७ | २९७४८५ | २३७९८८० | ३००० | २०८३/०६/२८ | २०८३/०६/२९ |
| ३ | RE-BRM/REVENUE/SQ/03/083-084 | मनद्रान घाट वडा नं ६ | २१०९०९ | १६८७२७२ | १००० | २०८३/०६/१४ | २०८३/०६/१५ |
| ४ | BRM/REVENUE/NCB/04/083-084 | मिलमिले घाट वडा नं ६ र ७ | २५१९९८ | २०१५९८४ | ३००० | २०८३/०६/२८ | २०८३/०६/२९ |
| ५ | RE-BRM/REVENUE/SQ/05/083-084 | टिपूवा घाट वडा नं ६ | ९४५३४ | ७५६२७२ | १००० | २०८३/०६/१४ | २०८३/०६/१५ |

- नदीजन्य पदार्थ (ढुंगा, गिट्टी/मिक्सगिट्टी, बालुवा र भरौट)को दर क्यु.फिट रु.८/०० मु.अ.कर बाहेक)
- विस्तृत सूचना र कार्यहरुको लागि गाउँपालिकाको वेवसाइट www.baganaskalimun.gov.np मा सम्पर्क गर्नुहुन अनुरोध छ। सम्पर्क नं. ९८५७०६८८६८, ९८४७०२९२१४

प्रमुख प्रशासकीय अधिकृत

# Bid Data Sheet

| | |
|---|---|
| **A. General** | |
| ` | The Employer is: Baganaskali Rural Municipality Office of Rural Municipal Executive Chirtungdhara,Palpa |
| | |
| | For Clarification purpose only, the Employer's address is: |
| | Attention : **Yadav Prasad Neupane** |
| | Address: Baganaskali Rural Municipality ,office of Rural Municipal Executive , Chirtungdhara, Palpa |
| | Telephone:**9847029214** |
| | Electronic Mail: baganaskali.rural@gmail.com |
| **B. Preparation of Bids** | |
| | The language of the bid is English/ Nepal |
| | The bid validity period shall be ***One hundred twenty (120) days*** |
| | Deposit amount shall be :**5%** ***of Quoted Amount (Including VAT )*** |
| | **Bid Security Deposit Account**<br>Name of Office: Baganaskali Rural Municipality<br>Bank Name : Nepal Bank Palpa branch<br>Address: Baganaskali-01, Chirtungdhara Palpa<br>Account number: **01703000003000000001**<br>Account Name : BAGANASKALI GAUNPALIKA DHARAUTI KHATA |
| | **Bid Document Fee Payment Account**<br>Name of Office: Baganaskali Rural Municipality<br>Bank Name : Nepal Bank Palpa branch<br>Address: Baganaskali-06, Palpa<br>Account number: 01703000001001000001<br>Account Name : BAGANASKALI GAUNPALIKA ANTRIK RAJASHWO KHATA |

प्रमुख प्रशासकीय अधिकृत

| D.Submission and Opening of Bids | |
|---|---|
| | For bid document purchase purposes only,the<br>Employer's address is: Chief Administrative Officer<br>Address : Baganaskali Rural Municipality,Office of Rural Municipal Executive<br>The deadline for bid purpose is: Date:2083/06/28<br>Time:office time |
| | For bid submission only,the<br>Employer's address is: ***Chief Administrative Officer***<br>Address : Baganaskali Rural Municipality, Office of Rural Municipal Executive<br>The deadline for bid Submission is: Date:2083/06/29<br>Time:**12:00 Noon**<br>Bidders shall have the option of submitting their bids by hand & by courier. |
| | The bid opening shall take place at:<br>Address : Baganaskali Rural Municipality, Office of Rural Municipal Executive<br>Date: 2083/06/29<br>Time:**: 13:00Noon** |

प्रमुख प्रशासकीय अधिकृत

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
बगनासकाली गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, चिर्तुङ्गधारा, पाल्पा।

विषयः बोलपत्र पेश गरेको बारे।

महोदय,

उपरोक्त सम्बन्धमा तहाँ कार्यालयको मिति ...........................गते प्रकाशित सूचना अनुसार आ.ब. २०८३/०८४ को नदिजन्य पदार्थ ढुंगा, गिट्टी, बालुवा संकलन, उत्खनन गरी बिक्री गर्ने कार्यको ठेक्का प्रतिस्पर्धाको लागि संलग्न शर्त बन्देज तथा जानकारी अध्ययन गरी निम्न विवरण खोलि यो बोलपत्र पेश गरेको छु। मेरो बोलपत्र स्वीकृत भएमा त्यस गाउँ कार्यपालिकाको कार्यालय द्वारा निर्देशित शर्त तथा नियमहरु पालना गरि उक्त कार्य गर्न इच्छुक रहेको व्यहोरा अनुरोध गर्दछु।

मैले/यस फर्मले ठेक्का लिन चाहेको ठेक्काको विवरण र कबोल अंक यस प्रकार रहेको छ।

तपशिलः

| ठेक्का नं. | घाटको विवरण | उत्खनन्/विक्री योग्य परिमाण (घन.फुट.) | न्यूनतम ठेक्का अंक रु (मु.अ.कर बाहेक) | कबोल रकम (मु.अ.कर बाहेक) | | धरौटी रकम (मु.अ.क. र आयकर सहितमा) को ५ प्रतिशतले हुन आउने रकम |
|---|---|---|---|---|---|---|
| BRM/REVENUE/NCB/02/083-084 | मजुवा बगर वडा नं ७ | २९७४८५ | २३७९८८० | अंकमा रु . | अक्षरमा रु. | |
| | | | | | | |

**<u>बोलपत्र दाताको</u>**

नामथरः

हस्ताक्षरः

फर्म वा कम्पनीको नामः

ठेगानाः

सम्पर्क नं.

फर्मको छापः

प्रमुख प्रशासकीय अधिकृत

बोलपत्र सम्बन्धि शर्तहरु-:

१। ठेक्का नं. अनुसारको छुट्टा छुट्टै बोलपत्र २२(बाइस) औं दिनको दिउसो १२:०० बजे सम्म बगनासकाली गाउँपालिका को कार्यालयमा पेश गरि सक्नु पर्नेछ । सोही दिनको दिउसो १:०० बजे यस कार्यालयमा बोलपत्र खोलिनेछ । **बोलपत्रका साथ आफुले कबोल गरेको कर सहितको रकमको कम्तिमा ५ प्रतिशत धरौटी रकम बगनासकाली गाउँपालिकाको नेपाल बैंक पाल्पा शाखामा रहेको खाता नं . BAGANASKALI GAUNPALIKA DHARAUTI KHATA 01703000003000000001 मा जम्मा गरेको सक्कल बैंक भौचर पेश गर्नुपर्नेछ वा राष्ट्र बैंकबाट क श्रेणीको मान्यता प्राप्त बैंकको कम्तिमा १२० दिन म्याद रहेको बैंक ग्यारेन्टि** पेश गर्नुपर्नेछ।

२। बोलपत्र पेश गर्दा कबोल गरेको रकम अङ्क र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ। अङ्क र अक्षर फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ।

३। ठेक्का स्विकृत पश्चात तोकिएको समय भित्र सम्झौता हुनु पुर्व नै कर सहितको कवुल रकम एकमुष्ठ वा किस्तामा बुझउनु पर्नेछ । प्रथम किस्ता वापत कवोल रकमको कम्तिमा ५० प्रतिशत कर सहितको रकम सम्झौता गर्न आउँदा नेपाल बैंकको यस कार्यालयको खातामा जम्मा गरिसकेको हुनुपर्ने छ। बाँकी ५० प्रतिशत रकमको हकमा नेपाल राष्ट्र बैंकवाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकवाट यस कार्यालयको नाममा जारी गरिएको २०८४ असार मसान्तसम्म म्याद भएको कार्य सम्पादन जमानत पेश गर्नु पर्नेछ । बाँकी दोश्रो किस्ता वापतको रकम २०८३ चैत्र मसान्त भित्रमा यस कार्यालयको खातामा जम्मा गरिसक्नु पर्नेछ ।

४। विक्रि एवं निकासी करको दर प्रति क्यूविक फिट रु ८ (अक्षेरुपी आठ मात्र) मु.अ.क बाहेक हुनेछ।

५। रित नपुगी वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन। बोलपत्र स्विकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ।

६। तोकिएको किस्ता म्याद भित्र नबुझाएमा गाउँपालिकाको तर्फबाट ठेक्का तोडी बाँकी रहेको किस्ता बैंक ग्यारेन्टी बाट १० प्रतिशत थप क्षतिपूर्ति समेत जोडी सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

७। ठेकेदार र गाउँपालिका विच ठेक्का शर्तहरुका सम्बन्धमा कुनै विवाद उठेमा बगनासकाली गाउँपालिकाको निर्णय अन्तिम र मान्य हुनेछ। यसमा ठेकेदारको कुनै उजुर लाग्ने छैन। बोलपत्र स्विकृत भई सम्झौता हुँदा वातावरण संरक्षण ऐन नियमावली लगायत प्रचलित ऐन नियमानुसारका शर्त तथा बन्देज पालना गर्नुपर्नेछ।

८। घाटसम्म जाने बाटोको निकास आफै व्यवस्थापन गर्ने जिम्मेवारी स्वयं बोलपत्रदाताको हुनेछ ।

९। ढुंगा, रोडा, गिटी र बालुवा आदि उत्खनन र संकलन कार्यमा मेशिन प्रयोग गर्न र बालश्रमको प्रयोग निषेध गरिएको छ।

१०।मजदुरको ज्यालाको हकमा गाउँपालिकाको दररेट कम नहुने गरी ज्याला दिनुपर्नेछ।

११।बोलपत्रका सम्बन्धमा थप केहि बुझ्नु परेमा कार्यालय समयमा राजश्व शाखामा सम्पर्क गरि बुझ्न सकिनेछ।

१२।बोलपत्रदाताले आफूले निकासी गरेको परिमाणको विक्री विवरण अनिवार्य रुपमा गाउँपालिकामा मासिक रुपमा पेश गर्नुपर्नेछ।

१३.कुनै पनि इच्छुक बोलपत्र दाताले सबै ठेक्काको लागि बोलपत्र पेश गर्न सक्नेछ, तर छुट्टै ठेक्काको लागी छुट्टा-छुट्टै बोलपत्र पेश गर्नु पर्नेछ ।

१४.नियमानुसार असार १ देखि भाद्र मसान्त गते सम्म उत्खनन् र संकलन कार्य गर्न पाईने छैन । माथि उल्लेखित नभएका वा बाँझिएका शर्तहरु नेपाल सरकारवाट जारी भएको ढुंगा, रोडा, गिट्टी र बालुवा उत्खनन् तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ र प्रचलित कानून बमोजिम हुनेछ। नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाले समय समयमा दिएका निर्देशनहरु पालन गर्नु बोलपत्रदाताको कर्तव्य हुनेछ।

१५.ठेक्का खोल्ने र बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो लगत्तै कार्यालय खुल्ने दिनलाई दरभाउ पत्र बुझाउने र खोल्ने दिन मानिनेछ ।

१६.यस सूचनामा उल्लेखित बाहेक अन्य कुराको हकमा ढुङ्गा, गिटी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ (सशोंधन २०८० समेत) र अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

*थप जानकारीका लागि मो नं. ९८५७०६८८६८ र ९८४७०२९२१४ मा सम्पर्क गर्न सकिनेछ।*

प्रमुख प्रशासकीय अधिकृत